रामग्राम नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

परासी, नवलपरासी(ब.सु.प.)

५ नं. प्रदेश, नेपाल

च.नं. 692....

प. सं :२०७७/०७८

मिति :२०७७/०५/२८

श्री सामुदायिक विद्यालयहरु सबै
रामग्राम नगरपालिका ब.सु.प. नवलपरासी ।

**विषय:- प्रथम त्रैमासिक माग फाराम पेश गर्ने सम्बन्धमा ।**

प्रस्तुत विषयमा यस रामग्राम नगरपालिका भित्र सञ्चालित सामुदायिक विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरुको आ.व. २०७७/०७८ को प्रथम त्रैमासिक तलब भत्ता तथा चाडवाड खर्चको ( साउन देखि असौज सम्म) माग फाराम तपसील बमोजिमको विवरणहरु सँगै राखी यहीँ मिति २०७७ असौज ७ गते सम्म शिक्षा शाखामा आइपुग्ने गरी अनिवार्य रुपमा पेश गर्नुहुन अनुरोध छ ।

**तपसील :-**

१. आ.व. २०७६/७७ को सामाजिक लेखा परीक्षण र लेखा परीक्षणको प्रतिवेदन,

२.माग फारामको साथमा अघिल्लो निकासाको तलब भत्ता बुझेको भरपाई, सञ्चय कोष कट्टी, बिमा कट्टी तथा सामाजिक सुरक्षा कर कट्टीको प्रतिलिपिहरु,

३.सरुवा भई आएको शिक्षकको हकमा सरुवा पत्र, रमाना पत्र तथा हाजिरी भएको जानकारी पत्रको प्रतिलिपिहरु,

४.शैक्षिक सत्र २०७७ को SIP( School Improvement Plan) ,

५.माग फाराम पेश गर्दा आधारभूत तह र माध्यमिक तहको छुट्टा छुट्टै पेश गर्ने । बालबिकासका स.का.,विद्यालय कर्मचारी र सहयोगी को पनि विगतमा जस्तै छुट्टै माग फाराम पेश गर्ने, बा.वि.केन्द्रका सहयोगी कार्यकर्ताहरुको लागि मासिक थप रु १०००।-को लागि पनि छुट्टै पेश गर्ने,

६.२०७७/०३/२५ गतेको प्र.अ. बैठकमा निर्णय भए बमोजिमको वैकल्पिक सिकाइ क्रियाकलापहरुको प्रगति प्रतिवेदन ।

७.अस्थायी करार शिक्षकको हकमा म्याद थपको पत्रको प्रतिलिपि,

८.शै.स.२०७७ मा विद्यालयको अभिलेखमा रहेका विद्यार्थीहरुको Flash1 भरेको Hard Copy,( Flash1 को Format रामग्राम नगरपालिकाको Website;www.ramgrammum.gov.np र रामग्राम नगरपालिकाको Facebook page मा उपलब्ध छ ।)

९.शै.स.२०७७ को EMIS update गरेको Soft Copy,

१०. शै.स.२०७७ को पाठ्यपुस्तक तथा शिक्षा शाखाबाट वितरण भएका स्वअध्ययन सामाग्रीहरु वितरण गरेको गरेको सम्पूर्ण बिल भरपाइको प्रतिलिपिहरु,

११. शै.स.२०७७ मा वितरण गरेको छात्रवृत्तिको भरपाइहरु ।

५।२८

रुद्र प्रसाद रेग्मी
नगर शिक्षा अधिकारी